का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ जेठ २०८०, मंगलबार
30 May 2023, Tuesday
मूल्य रु. ५/-


# मध्यान्ह


राष्ट्रिय दैनिक

वर्ष २१, अंक १२४ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## बजेटको आकार

१७ खर्ब ५१ अर्ब ३१ करोड






विश्वब्यापी आर्थिक संकटको असर आगामी आर्थिक वर्षका लागि संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत बजेटमा प्रष्ट देखिएको छ । अर्थमन्त्री डा.प्रकाशशरण महतले प्रस्तुत गरेको बजेटको आकार घटेर आएको छ भने आर्थिक बृद्धिदरको अनुमान पनि घटाइएको छ ।

# घट्यो बजेटको आकार

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट बजेट ल्याएको छ। सोमबार संघीय संसदको संयुक्त बैठकमा अर्थमन्त्री डा.प्रकाशशरण महतले चालु आव भन्दा झण्डै ४२ अर्बले आकार घटाएर बजेट पेश गरेका छन् । आर्थिक वर्ष ०७९/०८० का लागि तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले १७ खर्ब ९३ अर्ब ८३ करोडको पृष्ठ २ मा

## अनुमानित आर्थिक वृद्धिदर ६ प्रतिशत

### बजेटले संकेत दर्शाउँछ, समाधान दिँदैन

***केपी शर्मा ओली***
***अध्यक्ष, नेकपा एमाले***



प्रमुख प्रतिपक्षी दलका नेता तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेटले मुलुकको वर्तमान आर्थिक संकटको समाधान नगर्ने बताएका छन् । अर्थमन्त्री महतको बजेट भाषणपछि पृष्ठ २ मा

### खर्च कटौती सकारात्मक पक्ष

***राजेन्द्र लिङदेन***
***अध्यक्ष, राप्रपा***




राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले लिङदेनले बजेट अनुदान र ऋणमा आधारित भएर आएकाले आशा गर्ने ठाउँ भएको बताएका छन् ।

बजेट सार्वजनिक भएपछि संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष लिङदेनले उनले बजेटमा खर्च कटौति लगायतका सकारात्मक पक्षहरु पृष्ठ २ मा

### कार्यान्वयन चुनौतीपूर्ण

***विष्णु अग्रवाल***
***अध्यक्ष, नेपाल उद्योग परिसंघ***



नेपाल उद्योग परिसंघले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट आर्थिक सुधार का ` बाटोमा रहेको बताएको छ । बजेटबारे प्रतिक्रिया दिँदै परिसंघका अध्यक्ष विष्णु अग्रवालले बजेट समग्रमा आर्थिक सुधारको बाटोमा रहेको बताए । 'हेजिङ, कन्ट्री रेटिङ, जस्ता पृष्ठ २ मा

## कुन मन्त्रालयको बजेट कति ?

| कृषि | वन | भूमि | उद्योग | श्रम | पर्यटन | शिक्षा | स्वास्थ्य | खानेपानी | खेलकुद | महिला | भौतिक | शहरी | ऊर्जा | सञ्चार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५८ अर्ब ९८ करोड | १५ अर्ब ५६ करोड | ७ अर्ब २४ करोड | ९ अर्ब ४६ करोड | ८ अर्ब ८ करोड | ११ अर्ब ९६ करोड | १ खर्ब ९७ अर्ब | ८३ अर्ब ९९ करोड | २८ अर्ब १६ करोड | २ अर्ब ८७ करोड | १ अर्ब ५७ करोड | १ खर्ब ३१ अर्ब | ६६ अर्ब १७ करोड | ८७ अर्ब ४५ करोड | ८ अर्ब ७१ करोड |

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगारमा बजेटको लक्ष्य

# श्रम सम्झौता र नयाँ रोजगार गन्तव्य खोजी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ

सरकारले वैदेशिक रोजगारको दायरा फराकिलो बनाउन श्रम सम्झौता र नयाँ श्रम गन्तव्य खोजी गर्ने बताएको छ ।

अर्थमन्त्री डा. प्रकाशशरण महतद्वारा आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि सोमबार सार्वजनिक बजेट वक्तव्यमा नयाँ र आकर्षक गन्तव्य मुलुकहरूमा वैदेशिक रोजगारीका अवसरहरूको पहिचान र उपयोग गरिने, विभिन्न देशहरूसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बीमा र तत्काल गुनासो सम्बोधनलगायतका विषयहरू थप व्यवस्थित गरिने उल्लेख छ ।

वैदेशिक रोजगारीको श्रम स्वीकृति र नवीकरण गर्न काठमाडौं धाउनुपर्ने विद्यमान अवस्थाको अन्त्य गरी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै श्रम स्वीकृति र नवीकरण सेवा लिन सक्ने व्यवस्था मिलाएको भन्दै अर्थमन्त्री डा. महतले गन्तव्य मुलुकको आवश्यकताबमोजिम श्रमिकलाई सीपयुक्त बनाई उच्च पारिश्रमिक प्राप्त गर्न सक्ने गरी पृष्ठ २ मा

### शपथसँगै तामाङ व्यवसायी समाजद्वारा करिब एक दर्जन सल्लाहकार मनोनीत



काठमाडौं/मस- वैदेशिक रोजगार तामाङ व्यवसायी समाजका नवनिर्वाचित पृष्ठ २ मा

# वित्तीय हस्तान्तरणमा कटौती

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ जेठ

सरकारले अघिल्लो वर्षको तुलनामा यो वर्ष बजेटको आकार घटाएको छ। अर्थमन्त्रीका अनुसार यो वर्षको बजेट अघिल्लो वर्षको भन्दा २.३७ प्रतिशत कम हो ।

अघिल्लो वर्ष १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँको बजेट आएको थियो । आगामी आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब रुपैयाँको बजेट विनियोजन भएको छ ।

प्रदेश र स्थानीय तहले पाउने संघीय बजेट पनि घटेको छ। सरकारले आगामी आर्थिक वर्षमा प्रदेशहरुलाई ५८ अर्ब रुपैयाँ र स्थानीय तहलाई ८७ अर्ब ३५ करोड बजेट विनियोजन गरेको छ ।

प्रदेश र स्थानीय तहलाई गरी संघीय सरकारले १ खर्ब ४६ अर्ब २ करोड वित्तय हस्तान्तरण गर्ने



भएको छ। ससर्त अनुदानतर्फ प्रदेशलाई ३५ अर्ब ७२ करोड र स्थानीयतहलाई १ खर्ब ९१ अर्ब गरी जम्मा २ अर्ब २७ अर्ब ६१ करोड विनियोजन भएको छ ।

समपुरक अनुदानतर्फ प्रदेशलाई ६ अर्ब र स्थानीयतहलाई ७ अर्ब गरी जम्मा १३ अर्ब २७ करोड विनियोजन भएको छ। राजश्व बाँडफाँडबाट प्रदेश र स्थानीयतहलाई जम्मा १ खर्ब ७३ अर्ब ९२ करोड रुपैयाँ हस्तान्तरण हुनेछ ।

कालिका-खबर डट.कम

2 ANNIVERSARY



'कालिका-खबर डट.कम' स्थापनाको एक वर्ष पूरा गरेर दोस्रो वर्षमा प्रवेश गरेको सवैमा सगौरव जानकारी गराउँदछौं । दोस्रो वर्ष प्रवेश गरिरहँदा हामीलाई निरन्तर साथ दिनुहुने समस्त पाठक, दर्शक, विज्ञापनदाता, शुभेच्छुक तथा यस संस्थामा आवद्ध सम्पूर्ण सदस्य तथा कर्मचारीहरुप्रति विशेष आभार व्यक्त गर्न चाहन्छों ।
अन्त्यमा कालिका खबर डटकम थप उर्जाका साथ खोजमूलक पत्रकारितालाई धारिलो बनाउँदै अघि बढ्ने विश्वास दिलाउन चाहन्छौं । यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै यस मिडियालाई आग्रह–पूर्वाग्रहको चपेटाबाट अलग राख्दै सदैव सन्तुलित र निष्पक्ष रहने प्रतिवद्दता व्यक्त गर्दछौं ।

पुस्तक रेग्मी
प्रबन्धक

We are Market Leader in Manpower recruitment field.
We intending to extend our work scope in near future.

URGENTLY REQUIRED

Interview In-Charge (Male) - 4

Desired Qualifications / Specifications

- At least Higher secondary (+2) level passed
- Age: above 25 years.
- Matured , Humble, dedicated & Punctual character.
- Must have English Fluency (Speaking, Reading, Writing), work nature may require dealing with Foreigners as well.
- Computer knowledge, familiar with Online Interview arrangement
- Able to work independently / Quick Decision maker
- Ready to work off hour (if required so)
- Should have Driving license (2 wheelers )
- Previous experience in Manpower field will be added advantage

PARADISE INTERNATIONAL P. LTD.
Kupandol, Lalitpur

Please drop your updated CVs at
info@paradise.com.np

कुवेतमा वैदेशिक रोजगारको अवसर



कम्पनी : SKY LOGISTICS GEN TRADING & CONT. CO. शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०४/२३ चलानी नं.: ६०१८४७९१ LT. No.: 268916 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 50 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Helper - Indoor / Outdoor | 50 | 0 | | 95 | ४०,७१८ | | | | | | | |
| 3. | Heavy Driver | 2 | 0 | | 165 | ७०,७२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं.: १३६०/०७४/०७५
SUMERU OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Tel : 4381511, 4366045
E-mail : sumeruover@gmail.com, Web. : www.sumeruover.com.np

# विश्वसनीयता पत्रकारिताको आधारभूत धर्म हो: पूर्वमन्त्री हुसैन

**मध्यान्ह संवाददाता**
गोरखपुर, १५ जेठ



नेपाल सरकारका पूर्व मन्त्री मोहम्मद जाकिर हुसैनले पत्रकारले समाजमा घटेका घटनाको सत्यतथ्य जनता सामु ल्याउनुपर्ने बताएका छन् ।

एम.एस. इन्टर कलेज, गोरखपुरमा भारतीय पत्रकार संघको चौथो राष्ट्रिय सम्मेलनमा बोल्दै प्रमुख अतिथिको हुसैनले विश्वसनीयता पत्रकारिताको मूल धर्म रहेको बताए ।

उनले पत्रकारले राष्ट्रप्रतिको दायित्व निर्वाह गर्दै आम जनताको आवाज उठाउनुपर्ने बताए। पूर्वमन्त्री हुसैनले नेपाल–भारतको सम्बन्ध वैदिक कालदेखि नै प्रगाढ रहेको र कहिलेकाहि सामान्य असमझदारी बढ्दा आपसी वार्ताबाट समस्याको समाधान खोजिँदै आएको बताए।

भारत सरकारका पूर्व राज्यमन्त्री पुष्पदन्त जैनले सञ्चारमाध्यम लोकतन्त्रको चौथो खम्बा भएकोले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए। वरिष्ठ पत्रकार अरविन्द रायले सुनेको आधारमा होइन, घटनास्थलमा गएर समाचार तयार गर्दा विश्वसनीयता कायम हुने बताए । धुर्जति भूतभवन मिश्रले अहिले सामाजिक मूल्य मान्यतामा तीव्र गिरावट आएको र पत्रकारिता पनि त्यसबाट अछुतो नरहेको बताए । 'तैपनि आफ्नो जिम्मेवारी निर्वाह गर्दा गरिब र विपन्नको आवाजलाई जनतासामु ल्याउनुपर्छ', उनले भने ।

चौधरी कैफुलवाराले यस क्षेत्रमा पनि धेरैले नक्कली च्यानल बनाएर शोषण गर्ने काम गरिरहेको बताए । उनले यस्ता मानिसहरूको पर्दाफास गर्नु पर्नेमा जोड दिए ।

# भिमदत्त–११ का वडा अध्यक्ष प्रकाश थापासहित १० जुवाडे पक्राउ

**महेन्द्रनगर/मस-** कञ्चनपुरको भिमदत्त नगरपालिका वडा नं ११ का वडा अध्यक्ष जुवा खेलिरहेको अवस्थामा पक्राउ परेका छन् । भिमदत्त नगरपालिकाका वडा नं. ११ का वडा अध्यक्ष प्रकाश थापासहित १० जना जुवाडे पक्राउ परेको कञ्चनपुर प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसपी) प्रकाश डाँगीले पुष्टि गरे ।

प्रहरीले उनीहरुलाई महेन्द्रनगरको बसपार्क क्षेत्रबाट पक्राउ गरेको हो। उनीहरुको साथबाट १ लाख ५५ हजार रुपैयाँ बरामद भएको डीएसपी डाँगीले मध्यान्हलाई जानकारी दिए ।

उनीहरुविरुद्ध जुवासम्बन्धी कसुरमा कारबाही गर्न थप अनुसन्धान भइरहेको कञ्चनपुर प्रहरीले जानकारी दिएको छ ।

## घट्यो...

बजेट पेश गरेका थिए । तर आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेटको आकार घटेको छ। अर्थमन्त्री महतले विनियोजित बजेट मध्ये चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड र पूँजीगततर्फ ३ खर्ब २ अर्ब ७८ करोड छ। वित्तीय व्यवस्थातर्फ ३ खर्ब ७ अर्ब ४५ करोड विनियोजन भएको छ ।

बजेटको स्रोततर्फ राजश्व संकलनबाट १२ खर्ब ४८ अर्ब ६२ करोड र वैदेशिक अनुदानबाट ४९ अर्ब ९४ करोड आउने लक्ष्य लिएको छ। बाँकी रकम आन्तरिक ऋणबाट २ खर्ब ४० अर्ब र वैदेशिक ऋण २ खर्ब १२ अर्ब ७५ करोड उठ्ने अनुमान गरिएको छ ।

आकार घटाएर आएको बजेटले प्रदेश र स्थानीय तहलाई पठाउने अनुदान र वित्तीय हस्तान्तरण पनि घटाएको छ । सामाजिक सुरक्षा तर्फका कार्यक्रमहरुलाई निरन्तरता दिएपनि कर्मचारीको भत्ता र सवारी सुविधा कटौती गरेको छ। केही आकर्षक नारासहित आएको मन्त्रालयगत बजेटले पनि नयाँ भन्दा पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ ।

चालु आव भन्दा आर्थिक बृद्धिदरको उद्देश्य पनि घटाइएको छ । आगामी आर्थिक वर्ष आर्थिक वृद्धिदर ६ प्रतिशत हुने लक्ष्य लिइएको छ । मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित गर्ने लक्ष्य सरकारले लिएको छ। चालु आवमा ८ प्रतिशत आर्थिक बृद्धिदर हुने अनुमान गरिएको थियो । तर वास्तविक बृद्धिदर २ प्रतिशत हाराहारी रहने प्रक्ष्येपण भइरहँदा सरकारले कुल बजेटको आकार, आर्थिक बृद्धिदर र कार्यक्रमहरु समेत कटौती गरेर नयाँ बजेट ल्याएको छ । यसलाई सरकारले यथार्थमा आधारित बजेट भनेको छ भने प्रतिपक्षी दलहरुले कुनै आशा नजागाउने बजेट भनेको छ ।

## बजेटले...

संघीय संसद् भवन नयाँ बानेश्वरमा पत्रकारहरुलाई संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष ओलीले आर्थिक संकटको समाधान नदिने बताएका हुन् ।

बजेटले संकेत दर्शाउने गरेपनि समस्याको समाधान नदिने उनको भनाइ थियो । उनले भने, 'बजेटले संकेत दर्शाउँछ तर संकटको समाधान केही पनि दिँदैन ।'

## खर्च...

समेटेको बताए । तर यतिले मात्रै वर्तमान आर्थिक समस्याको बजेटले समाधान गर्न नसक्ने उनको दाबी छ ।

उनले विगतका सरकारले ल्याउने बजेट सुन्दा राम्रो भए पनि कार्यान्यनमा समस्या हुने गरेको भन्दै अहिलेको बजेट पनि कार्यान्वयनमा चुनौति रहेको बताए ।

## कार्यान्वयन...

विषयले बजेटले निजी क्षेत्रलाई प्रोत्साहन गरेको देखिन्छ भने आर्थिक सुधारमा अघि बढेको भन्न मिल्छ' अध्यक्ष अग्रवालले भने । तर, सरकारले पूँजीगत खर्च घटाएको, ऊर्जा र आईटीमा खुलेर बजेट नआएको उनले बताए। केही रिफर्मको प्रोत्साहन गर्ने झल्को देखिए पनि बजेट कार्यान्वयन हुने कुरा र राजस्वको लक्ष्य पुरा हुने अवथा नदेखिंदा शंका बढेको उनको टिप्पणी छ ।

## वैदेशिक...

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने बताए ।

निरन्तर भइरहेको वैदेशिक रोजगारको चक्रलाई रोक्न 'अबको जीवन स्वदेशमा नै' भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास, रोजगारीमा आवद्ध गर्ने गरी कार्यक्रम सञ्चालन गरिने, गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लघु उद्यमीको रूपमा विकास गर्ने तथा स्थानीय तहमार्फत सीप विकास तालिम र व्यावसायिक परामर्श सेवा सञ्चालन गरिने बजेट वक्तव्यमा उल्लेख छ ।

वैदेशिक रोजगारको सिलसिलामा विदेशमा अलपत्र परेका नागरिकहरूको शीघ्र उद्धार गरिने भन्दै बजेटमा वैदेशिक रोजगारीका क्रममा घाइते वा मृत्यु भएका श्रमिकको परिवारलाई प्रदान गरिने राहत, क्षतिपूर्ति, छात्रवृत्तिलगायतका कल्याणकारी सेवा सम्बन्धित स्थानीय तहबाटै प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने बजेट वक्तव्यमा उल्लेख छ ।

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका श्रमिकलाई लक्षित गरेर रेमिट्यान्स बण्ड (ऋणपत्र) जारी गर्ने विषयलाई बजेटमा व्यवस्था गरिएको छ । रेमिट्यान्सलाई औपचारिक माध्यमबाट भित्र्याउने र यसरी भित्रिएको रकम पूर्वाधार क्षेत्रमा लगानी गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि ८ अर्ब ८ करोड र प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि ५ अर्ब ९४ करोड गरी श्रम श्रेत्रका लागि १४ अर्ब २ करोड रुपैयाँ विनियोजन गरिएको बजेटमा 'श्रमको सम्मान राष्ट्रको अभियान' भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइने, असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिवृद्धि गरिने उल्लेख छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरिने भन्दै बजेटले उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्यसहित कार्यक्रम ढाँचामा परिमार्जन र स्थानीय तहबाट कार्यान्वयन गरी ३५ वटा श्रममूलक काममा उक्त कार्यक्रमअन्तर्गत सूचीकृत बेरोजगारलाई कार्यस्थलमा आधारित तालिमसहितको न्यूनतम रोजगारी प्रदान गरिने उल्लेख छ ।

स्थानीय तहबाट नै श्रम, सीप, उद्यमशीलता विकासलगायतका सेवा प्रदान गर्न सक्ने गरी रोजगार सेवा केन्द्रको स्तरोन्नति गरिने भन्दै बजेटमा श्रम बजारको मागअनुसारको सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइने, मौजूदा तालिम प्रदायक संस्थाहरूको पुनर्संरचना र एकीकरण गरी राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठान गठन गरिने प्रतिबद्धता जनाइएको छ ।

निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा स्थानीय तहबाट व्यावसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाइने भन्दै बजेटमा श्रमिकको न्यायमा पहुँच स्थापित गर्न श्रम अदालतको सेवालाई विस्तार तथा सरकारी र निजी प्रतिष्ठानहरूमा श्रम अडिट गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी बनाइने उल्लेख छ ।

योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गरी सामाजिक सुरक्षा कोषलाई दिगो र प्रतिफलमुखी बनाउने बजेट वक्तव्यमा उल्लेख छ। साथै कोषको रकम उत्पादनमूलक तथा पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाउन कामदारको स्वास्थ्य उपचार, सन्ततिको शिक्षा तथा परिवारको बीमा, व्यवसाय सञ्चालन र व्यावसायिक सीपसम्बन्धी तालिम सञ्चालनमा उपयोग गरिने समेत बजेट वक्तव्यमा उल्लेख छ ।

यसैबीच नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बजेटमा श्रम सम्झौता र नयाँ रोजगार गन्तव्य खोजीलगायतका विषय समेटिनुलाई सकारात्मक पक्षका रूपमा लिएको प्रतिक्रिया दिएका छन् ।

विगत वर्षहरूमा आउने बजेटमा खासै सम्बोधन नभएको अवस्थामा यसपटक बजेटमा वैदेशिक रोजगार विषय धेरै स्थानमा सम्बोधन भएको भन्दै अध्यक्ष भण्डारीले सकारात्मक परिणाम आउने गरी बजेट कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

### शपथसँगै

कार्यसमितिको शपथ तथा पदस्थापन भएको छ । शनिबार सम्पन्न समाजको दोस्रो अधिवेशनबाट युनाइटेड इन्टरनेशनल प्रा.लि.का सञ्चालक शुक्र पाखिनको नेतृत्वमा सर्वसम्मतरूपमा नयाँ कार्यसमिति चयन भएको थियो ।

सोमबार आयोजित संक्षिप्त कार्यक्रममा समाजका संस्थापक अध्यक्ष तथा निर्वाचन समितिका संयोजक टंकबहादुर घिसिङले नयाँ कार्यसमितिलाई पद तथा गोपनियताको शपथ खुवाए भने निवर्तमान अध्यक्ष मीनप्रसाद तामाङले समाजको जिम्मेवारी हस्तान्तरण गरे ।

शपथ कार्यक्रममा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, सल्लाहकार तथा एकीकृत वैदेशिक रोजगार संगठनका अध्यक्ष सन्तबहादुर लामा, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व द्वितीय उपाध्यक्ष भुवन सिंह गुरूङलगायतले निर्वाचित कार्यसमितिलाई बधाई तथा कार्यकाल सफलताको कामना गर्दै वैदेशिक रोजगार व्यवसायमा देखिएका समस्या समाधानका लागि एकजुट हुन आग्रह गरे ।

समाजले पूर्वअध्यक्ष एवम् दक्षिण अफ्रिकाका लागि नेपाली राजदूत दानबहादुर तामाङ, पूर्वअध्यक्ष बलबहादुर तामाङ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वकार्यवाहक अध्यक्ष कमल तामाङ, समाजका संस्थापक टंक घिसिङ, निवर्तमान अध्यक्ष मीनप्रसाद तामाङ, एकीकृत संगठनका अध्यक्ष सन्तकुमार लामा, व्यवसायीहरू रामचन्द्र बल, बलराज तामाङ, सोमबहादुर तामाङ र एसबी घिसिङलाई सल्लाहकारमा मनोनयन गरेको छ ।

त्यसैगरी समाजले उपयुक्त श्रम गन्तव्यमा रोजगार मेला र तामाङ समुदायका ऐतिहासिक तथा धार्मिकस्थलहरूमा पर्यटन प्रवर्द्धनका लागि सहयोग गर्ने निर्णय पनि गरेको अध्यक्ष पाखिनले जानकारी दिए ।

# तेस्रो इच्छाधिन आलेख अनुमोदनका विषयमा अन्तरक्रिया

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ

संयुक्त राष्ट्रसंघीय बालअधिकारको सञ्चार प्रतिक्रिया सम्बन्धी तेस्रो इच्छाधिन आलेख अनुमोदनका लागि ललितपुरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। च्याटिफाइ ओपिथ्री सिआरसी कलिसन र बालअधिकार समिति, मानवअधिकार सन्धी अनुगमन समन्वय केन्द्र (एचआरटिएमसीसी)को संयोजन एवं बालअधिकारका क्षेत्रमा क्रियाशिल संस्था चाइल्ड नेपालको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बालअधिकारसँग सरोकार राख्ने नेपाल सरकारका निकायहरु, मानवअधिकार अनुगमनकारी सवैधानिक निकायहरु एवं बालअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक समाजका संघसंस्थाका प्रतिनिधिहरु उपस्थित थिए । छलफलमा प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोयका अध्यक्ष तपबहादुर मगर, विशिष्ट अतिथिहरू राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल, राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा, आदिवासी जनजाती आयोगका अध्यक्ष रामबहादुर थापामगर, मधेसी आयोगका अध्यक्ष डा. विजयकुमार दत्त, थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरी, राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले मन्तव्य राखेका थिए। त्यस्तै विशेष अतिथिहरू राष्ट्रिय मानवअधिकार अयोगका पूर्व आयुक्त प्राध्यापक कपिल श्रेष्ठ, गौरी प्रधान, इन्सेकका अध्यक्ष डा.कुन्दन अर्याल, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका प्रवक्ता यमलाल भूषाल, राष्ट्रिय बालअधिकार परिषदका सदस्य सचिव इन्द्रा ढकाल, मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौता महाशाखा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका उपसचिव मणिराम ज्ञवाली, गृहमन्त्रालयका प्रतिनिधि विजय महर्जनका साथसाथै सहभागी बालअधिकारका क्षेत्रमा कृयाशील नागरिक समाजका संघसंस्थाहरुका सञ्जालका प्रमुख संयोजक तथा प्रतिनिधिहरू माधव प्रधान, कुमार भट्टराई, तिलोत्तम पौडेल, राजेश शर्मा, रविन नेपाली, प्रदीप लामिछाने, राजेन्द्र पहाडी र डा.बाबुराम अधिकारी लगायत सहभागी थिए ।

**Cyprus मा महिलालाइ रोजगारको अवसर**

कम्पनी: **Ero Christoforou Private Employment Agency., Cyprus , Paphos**

पूर्व स्वीकृती मिति : २०७९।१२।२३ चलानी नं. ६०१९९५७७ LT.No. 284002 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 01 | काममा दक्ष | 315 | ४४,५३७।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि–मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७०० ।– | कामदार स्वयं रु. १,५०० ।– | रु.३०,०००।– |

अन्तर्वार्ता २०८० जेष्ठ २३ गते ( 06 June, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## गढवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गढवा देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८०/०२/१६)

यस कार्यालयको सूचना नं. ८/२०७९/८० अनुसार ई.बिडिंग मार्फत पेश हुन आएका बोलपत्रहरुको मुल्यांकन गर्दा निम्न सप्लार्यसहरुको निम्न बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का न. | निर्माण व्यवसायीको नाम | न्युनतम मुल्यांकित कबोल अंक |
|---|---|---|---|
| 1. | 03/NCB/ GRM / GOOD/2079-80 | Dugar Earthmovers Pvt.Ltd, Kathamndu | **43,47,000 /-** |

**प्रमुख प्रशासकीय अधिकृत**

## Khajura Rural Municipality
## Office of the Rural Municipal Executive

**Invitation for Sealed Quotations**

**Invitation for Sealed Quotation**
**Name of the Office:** **Khajura Rural Municipality, Banke**
**Address of the Office:** **Banke Nepalgunj Banke**
**Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of different medicines for Khajura Rural Municipality, Khajura, Banke**
**Sealed Quotation No:** **KRM/SQ/GOODS/38/2079-80**
**Date of Publication :** **30-05-2023**

1. The Khajura Rural Municipality, Banke invites sealed quotations from registered Suppliers for the Supply and Delivery of different medicines for Khajura Rural Municipality, Khajura, Banke.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Banke Nepalgunj Banke, 9803231395, khajura666@gmail.com. OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Khajura Rural Municipality, Banke Banke Nepalgunj Banke and the office Khajura Rural Municipality, Banke Banke Nepalgunj Banke by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 14-06-2023 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank : NIC Asia Bank Ltd.
   ii. Name of Office : Khajura Rural Municipality, Banke
   iii. Office Code no :
   iv. Office Account No : ga.1.1(1112051498621003)
   v. Rajaswa (revenue) Shirshak No :
5. Sealed bids must be submitted to the office Khajura Rural Municipality,Banke Banke Nepalgunj Banke by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 14-06-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-06-2023 14:00 at the office of Khajura Rural Municipality, Banke Banke Nepalgunj, Banke Lumbini Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 28,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[ga.3.(B141498621524004)] at [NIC Asia Bank Ltd., Khajura, Banke] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# जुम्लाको हिमामा पहिलो पटक पढाइ मेला



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १५ जेठ

जुम्लाको हिमा गाउँपालिकामा पहिलो पटक पढाइ मेला आयोजना गरिएको छ। गाउँपालिकाले सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन, शिक्षालाई जीवन उपयोगी बनाउन तथा विद्यालय सुधारमा शिक्षक, अभिभावक र विद्यार्थीलाई जिम्मेवार बनाउने उद्देश्यले पहिलोपटक वृहत् पालिकास्तरीय मेला आयोजना गरेको हो ।

गणतन्त्र दिवसका अवसरमा हिमा गाउँपालिका- २ कोइरेलीस्थित हिमा आधारभूत विद्यालयमा आयोजना गरिएको मेलामा गाउँपालिकाका सातै वडाका सात विद्यालयले शैक्षिक स्टल प्रदर्शनीमा राखेका छन् ।

स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण गरिएका कृषि तथा उद्यमशीलता सामग्री, विषयगत पठन सामग्री, विद्यार्थीले सिर्जना गरेका साहित्यसहित चित्रकला, हस्तकलासम्बन्धी सामग्री, विद्यालयस्तरमा बनेका शैक्षिक सामग्रीलगायतका विभिन्न स्टल मेलामा प्रदर्शन गरिएको हिमा आधारभूत विद्यालयका प्रधानाध्यापक महेश रावलले जानकारी दिए ।

उनका अनुसार देउडा गीत, निबन्ध, वक्तृत्वकला, हाजिरी जवाफ, नृत्य, प्रेरक भनाइ र कम्प्युटर टाइपिङ प्रतियोगितासमेत गराइएको छ। यस्तै बाह्य ज्ञान प्राप्तिका लागि 'मेमोरी गेम' खेलाइएको छ । जेठ १४ र १५ गते दुई दिन चल्ने पढाइ मेलामा शिक्षक, विद्यार्थी अभिभावकको उत्साहजनक सहभागिता रहेको हिमा गाउँपालिका अध्यक्ष लक्ष्मण बहादुर शाहीले बताए । शिक्षा अभिभावक तथा शिक्षकहरुको त्रिकोणात्मक सम्बन्धलाई अझ मजबुद बनाउने उद्देश्यले विभिन्न प्रतियोगिताहरु सञ्चालन गरिएको अध्यक्ष शाहीको भनाइ छ ।

# महाकाली नदीमा बालक बेपत्ता

**दिपक बाबू साउँद/मध्यान्ह**
दार्चुला, १५ जेठ



दार्चुलाको महाकाली नदीमा बगेर १५ वर्षीय बालक बेपत्ता भएका छन्। महाकाली नगरपालिका-१ धम्पनेराका सुदिप धामी सोमबार दिउँसो पौडी खेल्ने क्रममा नदीमा बगेर बेपत्ता भएका हुन् । साथीहरुसँग महाकाली नगरपालिका-१ कलौनस्थित महाकाली नदीमा पौडी खेलिरहेका धामी नदीमा डुबेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक ज्ञानेद्र बहादुर सिंहले मध्यान्हलाई जानकारी दिए ।

धामी करिब एक किलोमिटर तल पुलघाट क्षेत्रमा बग्दै गरेको देखिएपनि त्यसपछि भने भेट्टाउन नसकिएको उनले बताए । बेपत्ता धामीको सशस्त्र प्रहरी र नेपाल प्रहरीले खोजी गरिरहेको छ। धामी महेन्द्र नमूना मावि खलंगामा कक्षा १० मा अध्ययनरत छात्र हुन् ।

# गौर कारागारका १० जनाले पाए कैद सजाय मिनाहा



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ जेठ

गणतन्त्र दिवसको अवसरमा गौर कारागारका १० जना कैदीबन्दीको सजाय मिनाहा भएको छ। विभिन्न मुद्दामा दोषी ठहर भइ सजाय काटिरहेका १० जनालाई आम माफी भएको हो । मन्त्रीपरिषद्को बैठकको सिफारिसबमोजिम राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरुको कैद सजाय मिनाहा गरेका हुन् ।

५० प्रतिशत सजाय भुक्तान गरिसकेका र चालचलनमा सुधार आएका कैदीहरुलाई गणतन्त्र दिवसका अवसरमा रिहा गरिएको गौर कारागारका जेलर शम्भू यादवले मध्यान्हलाई जानकारी दिए। उनका अनुसार सवारी ज्यान मुद्दा, चोरी मुद्दा, हातहतियार, अपराधिक लाभ, मानिसको लापरवाहीले ज्यान गएको, मोटरसाइकल चोरी, डाँका, कुटपिट अंगभंग लगायतका कसूरमा सजाय भोगिरहेका १० जनालाई रिहा गरिएको हो । रिहा हुनेमा मदन साह भन्ने प्रवेश साह, हिरदेव बैठा, कुलबहादुर कार्की, राजु वि.क, शेख जफिर, दिनेश महरा, शेख सदरेआलम, संजय ठाकुर, हजारी साह तेली, सुरेन्द्र साह तेली रहेका छन् । कारागारका जेलर लगायतले कैद मिनाहा तथा आममाफी पाउनेहरुलाई फूलमाला लगाउँदै बाँकी जीवन सही ढंगले यापन गर्न शुभेच्छा पनि व्यक्त गरेका थिए । कैद मिनाहा तथा आममाफी पाउनेहरुका परिवारका सदस्यहरु उनीहरुलाई लिन कारागार पुगेका थिए ।

# शैक्षिक समस्या समाधान गर्न अन्तरक्रिया

**प्रेमचन्द झा/मध्यान्ह**
रौतहट, १५ जेठ

गणतन्त्र दिवसको अवसरमा शैक्षिक समस्या तथा समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

गुजरारको कनकपुर माविमा भएको कार्यक्रममा जिल्ला तथा गुजरा नगरपालिकाका शैक्षिक क्षेत्रमा देखिएका समस्या उपर शिक्षाविद्व तथा सरोकारबालाले प्रकाश पारेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि गुजरा नगर प्रमुख सन्तलाल चौधरीले शिक्षा क्षेत्रमा विद्यमान रहेका समस्या एक्लो नगरप्रमुखले चाहेर पनि समाधान सम्भव नहुने बताए ।

उनले भने, 'नगरपालिकाले विद्यालयको भौतिक अवस्था मात्र सुधार गर्न सक्छ, सपार्न सक्छन्, तर विद्यालयमा वर्षौदेखिका कमी रहेको शैक्षिक जनशक्ति व्यवस्थापन गर्ने अधिकार नगर प्रमुखसँग छैन ।'

नगरप्रमुख चौधरीले शिक्षा सम्बन्धी अधिकार बजेट नगरपालिकामा रहेपनि राहत कोटाको बिक्री अझै शिक्षा समन्वय इकाई गौरबाट भइ रहेको दावी गरे ।

राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरेले समय अनुकुल डिजिटल प्रविधिमा शैक्षिक गतिविधि सञ्चालन गर्न सुझाव दिए ।

नारायणी माध्यमिक विद्यालय चितवनका पूर्व प्रधानाध्यापक पुर्ण बहादुर दवाडिले अभिभावक शिक्षक र विद्यार्थीको भूमिकाबारे प्रकाश पारेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेख शैनुल्हाको अध्यक्षतामा भएको अन्तरक्रियामा नेपाल शिक्षक संघका अध्यक्ष रामकृपाल यादव, प्रगतिशील शिक्षक संघका अध्यक्ष धर्मेन्द्र सिंह, पूर्व प्रधानाध्यापकहरु राज किशोर यादव, योगेन्द्र यादव,सुरेन्द्र प्रसाद सिंह, सुदामा यादव, विश्वनाथ राउत, रामेश्वर चौधरी, समाजसेवी साविर हुसेन, स्थानीय युवा अवदुल सलामसहितका व्यक्तिले शैक्षिक अवस्थाप्रति चिन्ता व्यक्त गरेका थिए ।

**BAHARAIN मा रोजगार |**
कम्पनी: MARIPOSA SALON
शहर: MANAMA

पूर्व स्वीकृत मितिः २०७९/०४/१९ | चलानी नं.: ६०१८४५४३ | LT. No.: 268553 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 150 | ५२,४५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. No: 335/059/060
**Tiger Overseas Employment Services Pvt. Ltd.**
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

**साउदीमा रोजगारको अवसर |**
कम्पनी : SEMI GULF GENERAL CONTRACTING EST
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०२/१५ | चलानी नं.: ६०२०२११७ | LT. No.: 286761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asphalt Worker | 1 | 0 | | 1000 | ३५,१५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

**Government of Nepal**

## Office of the Rural Municipality

## Chaukune Rural Municipality

**Gutu, Surkhet**

**Karnali Province, Nepal**

## INVITATION FOR SEALED QUOTATION

**Notice No: CRM/GOODS/SQ/01/079-080**

**First date of publication: - 30 May, 2023 (2080/02/16)**

1. Chaukune Rural Municipality Gutu , Surkhet invites following electronic Sealed Quotation from eligible Nepalese registered Suppliers for the procurement & Supplying of steel parts .
2. The details of the project is as follows:

| S.N. | Contract No. | Description of Work | Bid Security Amount (Nrs) | Bid Document Fee(Nrs) | Bid Validity/Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| z1 | CRM/GOODS/ SQ/01/079-080 | Procurement & Supplying of steel parts upto site of Thulokhola truss bridge at chaukune-08,Surkhet. | 37500/- | 1000 | 45 days from the bid opening date or 30 days from last date of bid submission | 2080/02/32 until 12:00 Noon |
| 2 | CRM/GOODS/ SQ/02/079-080 | Procurement & Supplying of steel parts upto site of Mauriban truss bridge at Chaukune-03 Surkhet,. | 38500/- | 1000 | 45 days from the bid opening date or 30 days from last date of bid submission | 2080/02/32 until 12:00 Noon |

3. Eligible Suppliers may obtain further information fromPPMO'swebsite www.bolpatra.gov.np/egp.

**Project Chief**

**Koshi Province**

**Ministry of Health**

## Province Health Logistic Management Centre

**Biratnagar**

## TENDER NOTICE

**Contract Identification No: PHLMC-1/G/SQ-3/2079-080**

**First date of publication: 16th Jestha, 2080 (30th May, 2023)**

1. The Province Health Logistic Management Center invites electronic bids from eligible bidders for the procurement of Heamatology Analyzer 3 Part Machine under SQ procedures specified in public procurment act and regulation.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Province Health Logistics Management Center Biratnagar Tel: 021-442138, Email: phlmcbiratnagar@gmail.com or, Website:phlmc.p1.gov.np or may visit www.bolpatra.gov.np/egp.
3. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| **Name of Bank :** | Rastriya Banijya Bank, Biratnagar |
| **Name of the Office :** | Province Health Logistic Management Center, Koshi Province, Biratnagar, Morang |
| **Office Code No :** | 3700113011 |
| **Office Account No :** | 10001002010100001 |
| **Revenue Head No :** | 14229 |

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Province Health Logistic Management Center, Koshi Province, Biratnagar, on or before 12:00 (noon) on 31th Jestha, 2080 (14th June, 2023) Bids shall be opened in the presence of Bidders' representatives who choose to attend on 2:00 pm on 31th Jestha 2080 (14th June, 2023) at office of Province Health Logistic Management Center, Koshi Province, Biratnagar.

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity |
|---|---|---|---|---|---|---|
| 1 | PHLMC-1/G/SQ -3//2079-080 | procurement of Heamatology Analyzer 3 Part Machine | 1000.00 | 2120100202030000 | 60,000.00 | 75 days |

**The Director**
**PHLMC, Biratnagar**



मध्यान्ह
www.madhyanhadaily.com
१६ जेठ २०८०, मंगलबार
30 May 2023, Tuesday

सम्पादकीय

## बजेटले दिएको सन्देश

सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि चालु आर्थिक वर्ष भन्दा आकार घटाएर बजेट ल्याएको छ। अर्थमन्त्री डा.प्रकाशशरण महतले १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँको बजेट सोमबार संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत गरेका छन्। यो बजेट चालु आवका लागि प्रस्तुत गरिएको भन्दा झण्डै ४२ अर्बले कमी हो। चालु आवका लागि १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट पारित भएको थियो। तर यसपटक बढाएर बजेट ल्याउने अभ्यासलाई सरकारले निरन्तरता दिन सकेन। कोरोना महामारीले थलिएको अर्थतन्त्र र विश्वब्यापी आर्थिक संकटका कारणले बजेटको आकार घटाएको सरकारी अधिकारीहरूले बताएका छन्। सिंगो बजेटको आकार घट्दा लगभग सबै क्षेत्रकै बजेट घटेर आएको छ।

विशेषगरी प्रदेश र स्थानीय सरकारका निम्ति छुट्याइने बजेट घटेकोमा जनप्रतिनिधिहरूले आपत्ति जनाएका छन्। सरकारले वित्तीय समानीकरण, सशर्त अनुदान र समपुरक अनुदान घटाएको छ। बजेटको आकार घटाउने मात्रै नभएर सामाजिक सुरक्षाका कार्यक्रममा पनि परिवर्तन गरेन। यसअघिका सरकारले मत बढाउन ल्याउने लोकरिझाइ केन्द्रीत बजेटमा सामाजिक सुरक्षातर्फका बजेट बढाउने गरेको थियो। दलहरूकै घोषणापत्रमा पनि सामाजिक सुरक्षातर्फ बढोत्तरी गर्ने प्रतिबद्धता जनाएका थिए। तर त्यसबिपरीत भएकै भत्ता र सवारी सुविधामा सरकारले नियन्त्रण गर्ने नीति लियो। अझ कर्मचारीको भत्ता खारेज, भवन निर्माण नगर्ने र गाडी नकिन्ने निर्णय सहितको बजेट ल्याउनुको अर्थ मुलुकको आर्थिक अवस्था सामान्य नरहेको पुष्टि हुन्छ।

तर सार्वजनिक खर्च कटौती गर्ने र लोकरिझाइ भन्दा पनि भएकै कार्यक्रमलाई मात्रै निरन्तरता दिइनुलाई आगामी आर्थिक वर्ष सजिलो नरहेको प्रष्ट हुन्छ। हुनत सरकारले चर्को आलोचना भएका कतिपय कार्यक्रमलाई समेत निरन्तरता दिएको छ। सांसदहरूलाई खुशी बनाउन निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत हरेक निर्वाचन क्षेत्रका लागि ५ करोड विनियोजना गरिएको छ। नागरिकले प्रत्यक्ष पाउने रकम कटौती गरेको सरकारले सांसदहरूको प्रत्यक्ष संलग्नता रहने कार्यक्रमलाई बजेट विनियोजन संगतीपूर्ण देखिदैन। प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले यो बजेटलाई कुनै आशा नजगाउने बजेट भनेको छ। टिप्पणी र प्रशंसा राजनीतिक विषय हो। तर मुलुकको अर्थतन्त्र सामान्य अवस्था नरहेको प्रष्ट सन्देश बजेटले दिएको छ। सरकारी अधिकारी र अरू क्षेत्रले पनि त्यो यथार्थ बुझेर आफ्नो कार्यक्रम तय गर्न उचित हुनेछ।

# संघीयता कार्यान्वयनका अड्चन

अग्रलेख



● तीर्थमान शाक्य

नेपालको संविधान २०७२ले नेपालको शासकीय प्रणालीमा आधारभूत परिवर्तनको परिकल्पना गरेको छ। शताब्दीदेखिको केन्द्रीकृत शासन विकेन्द्रित, संघीयता ढाँचामा रूपान्तरण भएको छ। भारतमा संघीयता कार्यान्वयन भएको देखासिकीबाट नेपालमा पनि नेपाली कांग्रेसले संघीयताका बारेमा २००७ सालदेखि नै आवाज उठाए पनि त्यति महत्व दिएको थिएन। विशाल भूभाग र ठूलो जनसंख्या भएका कारण भारतका लागि संघीयता आवश्यकता थियो र यसको माध्यमबाट आज भारतले आर्थिक विकासमा फड्को मार्न पनि सकेको छ। खासगरी तत्कालीन नेकपा (माओवादी)ले सशस्त्र द्वन्द्व गरेपछि नै गणतन्त्रसँगै संघीयतामा अन्य राजनीतिक दलहरु पनि सहमत भई यसलाई कार्यान्वयनमा ल्याइएको हो।


नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहसहित तीन तहको सरकारको व्यवस्था गरेको छ। तीन तहका सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था संविधानमा गरिएको छ। यी तीन तहका सरकारहरुको एकल र साझा अधिकारको सूची पनि संविधानले नै तोकेको छ। संविधानको अनुसूची ५ मा संघका ३५ अधिकारको सूची दिइएको छ भने अनुसूची ६ मा प्रदेशका २१ अधिकारको सूची छ। अनुसूची ८ मा स्थानीय तहका २२ अधिकारको सूची छ।

यस्तै, अनुसूची ७ मा संघ र प्रदशेको साझा २५ र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका साझा १५ अधिकारको सूची छ। यसरी प्रत्येक तहका एकल र साझा अधिकारका माध्यमद्वारा स्वशासन र साझा शासनको व्यवस्था संविधानले गरेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीको विस्तृतीकरण गरेको छ। यद्यपि, धेरै अन्योलहरु र अस्पष्टता बाँकी नै रहँदा अहिले यसको आवश्यकता र औचित्यमाथि प्रश्न गर्न थालिएको छ।

संघीयताको भावनाअनुसार काम हुन नसकेको आम टिप्पणी हुन थालेको छ। संघले त साबिकअनुसार नै काम गरेको छ। प्रदेशलाई अनुभव नहुँदा अल्मलियो। पहिलेका तीन हजार नौ सय १३ गाविसलाई सात सय ५३ पालिकामा त ल्याइयो। संविधानको धारा, ५७ ले राज्यशक्तिको बाँडफाँट गरी तीनै तहलाई कानुन बनाउने अधिकार पनि प्रदान गरियो तर, कानुन बनाउने जिम्मेवारी वकिललाई दिइयो। कानुन सही ढंगबाट तर्जुमा भएको छैन। उपप्रमुख वा उपाध्यक्षको अध्यक्षतामा न्यायिक समितिको गठन त भयो, एक त उनीहरुसँग कानुनको ज्ञान नै राम्रो छैन भने अर्कोतिर पालिकाको प्रमुख नै गाउँ/नगरसभाको अध्यक्ष भयो। कार्यकारी र व्यवस्थापिकाको प्रमुख एउटै व्यक्ति हुँदा कानुनको शासन हुन सकेन। स्थानीय सरकार कार्यसञ्चालन ऐन तर्जुमा गर्दा पहिलेकै जस्तो बनाइयो। संविधानले परिकल्पना गरेजस्तो कानुन आउन सकेन। अहिले वडालाई पनि बजेट त दिइयो तर, स्थानीय पालिकाहरुले जनताको सेवाको काम गर्नुपर्नेमा स्वागतद्वार, भ्युटार, रंगशाला निर्माण र विलासी गाडी चढ्न थालेका छन्।

गाउँगाउँमा सिंहदरबार भने पनि जनताले त्यसको सही अनुभूति गर्न पाएका छैनन्। यसले गर्दा संसदभित्र संघीयताको विरुद्धमा आवाज उठाउनेहरु नै जनताबाट निर्वाचित भएर आउन थाले। प्रदेश संरचना चाहिन्न भन्ने जनमत बढ्न थालेको छ। नेपालको संवैधानिक इतिहासमा करिब १० वर्षको अन्तरमा नयाँ संविधान आउने गरेको छ। वर्तमान संविधान आएको पनि लामो समय भएको सन्दर्भमा यसमा परिमार्जन गरिनुपर्ने माग विभिन्न कोणहरुबाट उठ्न थालेको छ।

संघीयता बचाउने हो भने कर्मचारीतन्त्र इमान्दार हुन आवश्यक छ। २०४१ सालमा ल्याइएको विकेन्द्रीकरण ऐनको पनि कार्यान्वयन सहीरूपमा हुन सकेको थिएन। कर्मचारीको पदस्थापनमा पनि उसको विशेषज्ञता र इमान्दारितालाई ध्यानमा राख्नुपर्नेमा अहिले त्यो सेलाउँदै गएको छ र पटक-पटक सरुवा गर्ने प्रचलन बढ्दै गयो। यी सबै घटनाक्रम र उथलपुथलले कर्मचारीहरू विस्तारै



*गाउँगाउँमा सिंहदरबार भने पनि जनताले त्यसको सही अनुभूति गर्न पाएका छैनन्। यसले गर्दा संसदभित्र संघीयताको विरूद्धमा आवाज उठाउनेहरू नै जनताबाट निर्वाचित भएर आउन थाले। प्रदेश संरचना चाहिन्न भन्ने जनमत बढ्न थालेको छ।*

'एस पर्सन' बन्दै गएका छन्। निजामती सेवालाई सशक्त बनाउनका लागि कर्मचारीहरुको मनोबल दह्रो र उच्च राख्नुपर्नेमा अहिले त्यसको ठीक विपरीत भएको छ।

अहिलेको एक लाख कर्मचारीमध्ये ४० प्रतिशत केन्द्रमा राखेर ६० प्रतिशत प्रदेश र स्थानीय तहमा पठाउनुपर्थ्यो तर कर्मचारीले प्रदेश र स्थानीय तहमा जान चाहेनन्, गएकाले पनि आफूहरुलाई उपेक्षित भएको महसुस गर्न थालेका छन्। संघीयताले सुशासन बिगारेको होइन, सुशासन नहुनुमा कर्मचारीको सही व्यवस्थापन गर्न नसक्नु नै मुख्य कारण हो। राजनीतिक अस्थिरतासँगै कर्मचारीतन्त्र पनि अस्थिर बन्न पुग्यो। यसले गर्दा सुशासन हुन सकेन। अहिले हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेप हाबी भएको छ। अनावश्यक राजनीतिक हस्तक्षेपले मुलुक अधोगतितर्फ गएको छ। यस्तो हस्तक्षेप बन्द हुनुपर्छ। विकास र समृद्धि राजनीतिक दलहरुको साझा एजेन्डा बन्नुपर्छ। सुशासन कायम गर्न सरकार दत्तचित्त हुनुपर्छ।

नेपालमा संघीयता राजतन्त्रका विरुद्ध माओवादी विद्रोहीसहित प्रमुख राजनीतिक दलद्वारा सञ्चालित जनआन्दोलनको उत्कर्षपछि मधेस आन्दोलनले उठाएका राजनीतिक मुद्दाहरूलाई सम्बोधन गर्ने क्रममा मूर्तरूपमा लिपिबद्ध हुन पुगेको हो। हामीले २००७ सालदेखि राजनीतिका कुरा गर्न थाल्यौं। २००७ सालमा राणाशासन हटाउन राजासँग मिलेर आन्दोलन गर्ने राजनीतिक पार्टीहरुलाई नै पछि राजाले प्रतिबन्ध लगाए। २०१३ सालपछि विदेशी लगानी आउन थाल्यो। २०१७ सालपछि नियन्त्रित समाजमा 'कन्ट्रोल इकोनोमी' भयो। २०४७ पछि सबै खुल्ला गऱ्यौं। सबै स्वतन्त्र भयौं। २०५२ सालदेखि माओवादी द्वन्द्वले गाउँमा सरकारको उपस्थिति हुन सकेन।

जनआन्दोलनको बलमा २०४७ सालमा संविधान आयो तर संविधानअनुसार धेरै कानुन बन्नुपर्ने थियो। ती कानुन नै नबन्दै संविधान फेरियो। कुन विदेशी सहयोग केका लागि लिने भन्ने योजना नहुँदा जे पनि जस्तो पनि लिने र उनीहरुकै योजनाअनुसार चल्न खोज्दा केही सुधार हुन सकेन। हाम्रो माटोअनुसारको काम भएन। २०४६ देखि २०७६ सालसम्मको ३० वर्षको अवधिमा २८ वटा सरकार बने। मन्त्री फेरिएसँगै सचिव फेरिने क्रम स्थापित बन्यो। मन्त्रालयको काम मन्त्री वा सचिवलाई नै थाहा हुन छाड्यो।

विभिन्न आन्दोलनहरुले उपेक्षित वर्गलाई आफ्नो अधिकारका बारेमा उजागर गरिदियो। दुई छाक पनि राम्ररी खान नपाएकालाई ठूलो महत्वाकांक्षा बढायो। देशमा अवसर नभएपछि विदेश जाने क्रम बढ्न थाल्यो। मान्छेका पसिना बेचेर देश चलाउन थाल्यौं। नेपालीपनलाई जगेर्ना गर्न खोजेनौं। योजना आयोगमा बस्नेहरु पनि विभिन्न देशमा पढेर आएका हुने र उनीहरुले त्यही देशअनुसारको योजना बनाउन खोज्दा आवश्यकता एकातिर लगानी अर्कोतिर जस्तो भयो। हामीले हाम्रो मौलिकतालाई देखाएनौं। यी विभिन्न कारणहरुले जनतामा शासन प्रणालीप्रति नै वितृष्णा बढ्न थालेको छ। संघीयता बचाउने हो भने समयमै यसका पक्षधरहरु एकजुट भई काम गर्नैपर्दछ। अन्यथा विश्वका कतिपय देशहरुमा जस्तै संघीयताबाट मुलुक पुनः केन्द्रीयकरणतर्फ नजाला भन्न सकिन्न।

भ्रष्टाचार नियन्त्रण गर्नुभन्दा पनि भ्रष्टाचार किन भयो भनी अध्ययनको खाँचो छ। धेरै कारणमध्ये कर्मचारीको तलब अति नै न्यून हुनु पनि एउटा हो। अहिले भएका बिदा, सवारी साधन, औषधि उपचार तथा अन्य सुविधा घटाएर धेरै काम लगाउने र पारिश्रमिक पनि पाँच गुणा बढाउनुपर्ने देखिन्छ। कर्मचारी र यसका परिवारको बीमा गराउन सकिन्छ। निवृत्तिभरणलाई पनि योगदानमा आधारित गरौं भन्ने मेरो प्रस्ताव थियो। बल्ल अहिले निवृत्तिभरण चाहिँ योगदानमा आधारित गर्न थालिएको छ।

कर तिर्न बाध्यकारी नगरी स्वयम् सेवा गरौं, तेस्रो पक्षलाई ठेक्कामा पनि दिन सकिन्छ। बढी कर तिर्नेलाई राज्यले पुरस्कार, पदक प्रदान गरी उच्च कदर गर्न सक्छ। उनीहरुले तिरेको रकमका आधारमा विशेष सम्मान, सहुलियत, सुविधा र आवश्यक परे सुरक्षाकर्मी दिन सकिन्छ। अहिले सरकारी तलब पनि खाने अनि पदक, सम्मान, सुविधा पनि आफैं लिने काम भएको छ। पहिले सुशासन भएन भनेर शासन प्रणाली फेरियो तर सुशासन हुन सकेन।

मुलुकमा सुशासन कायम गर्न घर परिवारबाटै सुरु गर्नुपर्ने हुन्छ। मानिसलाई आध्यात्मिक चेतनाको जागृत गराउन आवश्यक छ। त्यसैले अभिभावकहरुले भोलिको पुस्तामा देशप्रेमको भावना ल्याउन छोराछोरी, नातिनातिनाहरुलाई बाल्यकालदेखि नै आ-आफ्ना धर्म परम्पराअनुसार महिनामा दुई/चारपटक धार्मिक आस्थाका केन्द्रहरुमा लगेर धार्मिक चेतना जागृत गराउन आवश्यक छ। अबको २० वर्षपछि २१औं शताब्दीको अन्त्यसम्ममा नेपालीलाई हामी नेपाली हो, हामीले नै नेपाल बनाउनुपर्छ भन्ने विश्वास र आशा दिलाउन आवश्यक छ। नाम भएमा दाम आउँछ, दाम भएर पनि नाम नआउन सक्छ। नाम ठूलो कुरा हो, दाम जहिले पनि कमाउन सकिन्छ भन्ने भाव हरेक नेपालीमा आउन नसकेसम्म सुशासन, भ्रष्टाचार नियन्त्रण जस्ता कुरा गर्नुको कुनै अर्थ हुँदैन।

(नेपाल ल सोसाइटीका अध्यक्ष शाक्य कानुनी क्षेत्रको विज्ञका रूपमा विभिन्न अध्ययन-अनुसन्धानमा संलग्न छन्। प्रस्तुत लेख पत्रकार कृष्ण अधिकारीले शाक्यसँग गरिएको कुराकानीका आधारमा तयार गरिएको हो।)

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाईं**

भारतको नवनिर्मित संसद भवनमा नक्शाकृत गरिएको लुम्बिनी र कपिलवस्तु नेपाल सरकारले बेचेको हो? होइन भने नेपाल सरकारको तर्फबाट भारत सरकारलाई आपत्तिजनक नोटिस खोइ? नेपाल सरकारको विज्ञप्ति खोइ? भारतीय राजदूतबाट स्पष्टीकरण खोइ? यो भुलचुक होस्, असत्य सावित होस्।



**- रुद्र पाण्डे**

योग्य नेपाली जति १२ कक्षापछि देशबाट बाहिर गएपछि देशमा नयाँ उद्योग व्यवसाय कस्ले खोल्ने? उद्योग व्यवसाय नभए रोजगारी कसरि सिर्जना हुने? रोजगारी नभएपछि बाँकी रहेका पनि देशबाट बाहिर भागने होडमा छन्। अनि राजनीति कस्का लागि गर्ने? देशमा बचे खुचेका अनपढ र बृद्धलाई झुक्यायो अनि चुनाव जित्यौं भनेर नाक फूलायो।



**- डा. रामभक्त ठाकुर**

नेपाल आन्तरिक विवाद र संकट हेर्दा प्रधान मन्त्री विदेश भ्रमणमा जानुको औचित्य हुँदैन तापनि यो भइरहेको छ। भ्रमण गरे पछि ध्यान रहोस् की हाम्रो सम्बन्धलाई विशेष बनाउने होइन बरु विशिष्ट बनाएर त्यो दर्जामा दर्ता गराएर आउनु होला। एउटा ढोका भएपछि प्रवेश पनि त्यही हो र निकास पनि।




**- सरस्वती सुब्बा**

संसद सत्ता पक्षको पेवा वा दाइजो होइन जे मन लाग्यो त्यही गर्ने जे सुर चल्यो त्यहीं बोल्ने। संसद जस्तो थलो मर्यादित र अनुसाशित हुन जरुरी छ। सत्ता पक्षले शक्ति मात्रै देखाउने होइन जवाफदेही पनि हुनुपर्छ। प्रतिपक्षी लोकतान्त्रिक/गणतन्त्रमा संसदमा गहना हुन यो कुरा नभुलौं।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पुराना कार्य सम्पन्न हुनेछन्। जग्गा सम्बन्धी कार्यमा लाभ हुनेछ। |
| वृष | : | भवन निर्माण कार्यमा खर्च हुन्छ। सन्तुलित आहार लिनु राम्रो हुन्छ। |
| मिथुन | : | बाहिरी सहयोगमा कमी रहन्छ। भाग्यमा वृद्धि हुनेछ। |
| कर्कट | : | कुनै पनि कार्यमा हतार नगर्नुहोला। व्यवसायिक यात्रा सफल हुनेछ। |
| सिंह | : | नयाँ सम्पर्क बन्नेछ। शुभ समाचार प्राप्त हुनेछ। |
| कन्या | : | पदमा वृद्धि हुनेछ तथा कृषिजन्य कार्यमा लाभ मिल्नेछ। |
| तुला | : | दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ। |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ तथा राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ। |
| धनु | : | काम गर्दा गर्दै अचानक रिस उठनसक्छ तथा पारिवारिक खुशी प्राप्त हुनेछ |
| मकर | : | आय वृद्धि हुन्छ तथा राजनैतिक कार्यमा रुकावट आउनेछ। |
| कुम्भ | : | तनाव बढ्नेछ। उन्नतिको मार्ग प्रशस्त हुनेछ। |
| मीन | : | प्रभाव र सम्मानमा वृद्धि हुनेछ। विद्यार्थीहरुको लागि राम्रो समय छ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# आगमनभित्र भेटिएका दिलीप योञ्जन

समीक्षा



● प्रदीप सापकोटा

स्वतन्त्रतापूर्वक आफ्ना भावहरु पोख्ने महत्वपूर्ण माध्यम हो मुक्तक। सामान्यतः चार हरफमा लेखिने यो कविताको एक छोटो प्रभेद हो। चतुष्पदीमा लेखिने मुक्तकमा पहिलो र दोश्रो पंक्तिमा अनुप्रास मिलेको हुन्छ भने तेश्रो पंक्तिमा अनुप्रास स्वतन्त्र हुन्छ र अन्तिम चौथो हरफ फेरी अनुप्रास मिल्ने हुनुपर्छ।

भोजपूरका दिलीप योञ्जन तामाङ। उनी अमेरिकामा बस्छन्, तर नेपाली भाषा साहित्यको श्रीवृद्धिको लागि एकदमै दत्तचित्त भएर लागिपर्छन्। साहित्यमा गीत, गजल, कविता र मुक्तकमा विशेषतः उनको कलम चल्छ। झण्डै एक दर्जन मुक्तक, कविता र गीतिसंग्रह प्रकाशित गरिसकेका योञ्जनका पछिल्लो मुक्तक संग्रह हो 'आगमन'। व्यक्तिगतरुपले चिनारु नभएका मुक्तककार दिलीपको आगमन हात पऱ्यो। पढैं र केही लेख्न मन लाग्यो।

आगमनभित्र उनका २ सय ६९ वटा मुक्तकहरु छन्। यी मुक्तकहरु विषयवस्तुको हिसावले हेर्दा विविधतायुक्त देखिन्छन्। त्यहाँभित्र भएका मुक्तकरुपी फूलहरुमा विविधताको छनक पाउन सकिन्छ। कतै मायाप्रेम, प्रणयभाव, मिलन र प्रेममा उब्जिने समर्पणभावको मिसावट देखिन्छ त कतै बिछोडको पीडामा तड्पिएको प्रेमीको व्यथा उजागर भएको पाइन्छ।

प्रेमका मीठा र न्याना बाछिटाहरुले लछप्पै भिजेका मुक्तकहरु पनि यहाँ समावेश गरिएका छन्। प्रेमको आयतन नापेका मुक्तककार धोका खानुपर्दाको प्रेमीको भाव, खुशी हराउँदाको अनुभूति पनि आफ्नो मुक्तकमार्फत दर्शाउँछन्:




> मनमा एउटा खुशी थियो,त्यो पनि शीसाझैं टुट्यो
> खुशी खोजियो जीवनभरि,त्यो पनि बाटोमै छुट्यो
> नहुँदा जुन खुशी थियो,भएर पनि आज दुःखी छ मन
> जिउँदो हुन्जेल त दुःख पीडा ,खुशी मनमै फुट्यो।

सरल भाषामा समाजका नकारात्मकताहरुले वनाएका नराम्रा खाडलहरुलाई मुक्तकहरु मार्फत औंल्याउने प्रयास पनि भएको छ। वर्तमान समग्र परिवेशलाई मिहिन ढंगले केलाएर व्यक्त गरेका छन्। उनका मुक्तकहरु यथार्थ धरातलमा दर्विलो ढंगले टेकेका छन्। समाजको विषम परिस्थिति, विशाक्तता लगायतका विषयहरुको उठान पाइन्छ आगमनमा।

जीवनको मूल्य र मान्यता ह्रास हुँदै गएको वर्तमान अवस्थाप्रति उनको चिन्ता छ। वर्तमान समयको विकृत राजनीतिक बेथिति देख्दा उनी उकुसमुकुस भएर बोल्छन्। समाज, देश र जनताको हित राजनीतिको मुख्य मकसद हुनुपर्ने उनको ठम्याइविरुद्ध नेताहरु लागेको देख्दा उनको मन पोल्छ। राजनीतिलाई कमाउ जागिर बनाउने नेताहरुसँग झोक चल्छ उनलाई। झुट माथि झुट थोपर्दै गरेका नेताहरु सधैं जनतालाई ढाँट्ने हाम्रो देश। अनि देश र जनता भन्दा आफ्नै स्वार्थको पोखरीमा डुवुल्की मार्ने नेताहरु सम्झन्छन् उनी र ब्यँग्य कस्छन्:

> राजनीति भनेको समाज परिवर्तन हो जागिर खानु होइन
> तलव भत्ता चाहिए जागिर खाने हो,जनता ढाँट्नु होइन
> भोकभोकै जनताहरु मारेर पेट भर्नु भन्दा भोकै मरे भो
> देश र जनता लुटेर,रिन मागेर मोजमस्तीले बाँच्नु होइन।

हाम्रा जीवनका यथार्थता र जटिलताहरु उनले मुक्तकहरुमार्फत औंल्याएका छन्। दिलीप पछिल्लो समयसम्म आइपुग्दा मुक्तक लेखनमा एकदम सक्रिय देखिन्छन्। जागिरमा चाकरी, राजनीतिमा झोले कार्यकर्ताको उल्लेख्य उपस्थिति, हर पेशामा चाकरी र चाप्लुसीका चरित्र हावी भएका प्रति उनको रोष छ। राजनीतिक दलहरुमा हावी भएका गुटगत स्वार्थका झुण्डहरु, कुर्सीको लागि तानातान र हानाहान भैरहने परिवेश, भोकै भएर अभावमा जिवन जिउन विवश जनता हुँदाहुँदै तलब भत्ता वृद्धिका लागि आवाज उठाउने माननीय जनप्रतिनिधिहरुका चरित्र मुक्तकहरुमा उदाँगो पारिएको छ।

धर्म परिवर्तन गर्ने, धर्मको नाउँमा लुट्ने, परम्परागत संस्कार र संस्कृति विपरीत लाग्ने कुराहरु क्षम्य हुन नसक्नेमा उनको मुक्तकको जोड छ। विदेशीको पाउमा शिरनत गरेर प्रणाम गर्नेले आफूलाई सबैभन्दा राष्ट्रवादी भनेकोमा उनको आपत्ति छ। देश नातावाद र कृपावादको दलदल र चंगुलमा फसेको कुरा औंल्याएका छन्। सेतोलाई सेतो भन्न नसक्नेहरु प्रति पनि उनका मुक्तक लक्षित छन्। मूलूक संचालन गर्नेहरु धेरै जसो विचौलिया र अवसरवादी ठानेका छन् उनले जस्तै यहाँ हेरौं:

> नातावाद र कृपावादकै मोजमस्ती छ यहाँ
> जनताको जतातत‍ै उजाडिएको बस्ती छ यहाँ
> दलाल र विचौलियाले चलाएको देश हो हजुर
> यिनै अन्धा बहिराहरुकै सधैं जवरजस्ती छ यहाँ।

वर्तमान राजनीतिको खतरनाक अवस्था छ मुक्तकमा। आजको युगको राजनीतिको विकृत मनोदशा यहाँ चित्रण गरिएको छ। राजनीतिक विद्रुपताले जनतामा छाएको निराशा उजागर गरिएको छ। देश र जनतालाई ढाँट्नेहरुले आफ्नै आत्मालाई पनि ढाँटेका हुन्छन्। त्यस्ताहरु त राष्टघाती हुन्छन्। गद्दार हुन्छन्। उनीहरुलाई मारेपनि सजाय कम हुन्छ भन्दै वर्तमान राजनीतिक नेतृत्वहरु प्रति उहाँको ब्यँग प्रहार पनि गरिएको छ। जस्तै यहाँ हेरौं:

> दिन्दिनै देश र जनता ढाँट्दा,लाज शरम त लाग्नुपर्ने,
> दलाली गरीगरी आफ्नै आत्मालाई आफैं ढाँट्नुपर्ने
> किन पापीहरुको आत्मा रुँदैन,आफ्नै आमा बेच्दा
> देश दुख्दा मुटु पोल्छ ,दलालहरुलाई जिउँदै गाड्नुपर्ने।

उनका मुक्तकहरुमा आशावादीता पनि अटेको छ। यसैको त्यान्द्रोले उनी घच्घच्याउँछन् मुक्तक मार्फत सर्वसाधारणलाई। स्वार्थको आहालमा डुबेका हाम्रा नेताहरुलाई खबरदारी गर्छन्। थोरै शब्दमा धेरै विषय बुन्न सक्ने खुवी हुन्छ मुक्तकमा। यस्तो खुबी उनका मुक्तकमा पनि पाइन्छ। उनका मुक्तकको एउटा मुख्य विशेषता भनेकै मुक्तकहरुमा प्रयुक्त विषयगत विविधता हो। विविध भावभूमीका मुक्तकको संग्रहितरुपमा पढ्न सकिन्छ आगमन। निरासामात्र नभएर आशावादीताको कुरा पनि छ मुक्तकमा। पढिरहन मन लाग्ने मन छुने यथार्थपरक मुक्तकहरु यस संग्रहका परेका छन्। धेरै जस्तो सन्दर्भहरु राजनीति वरिपरि घुमेका लाग्छन्। त्यसमा मायाप्रेम पनि मिसिएको छ। राष्टिय भावले ओतप्रोत पनि पाइन्छ। सबै मुक्तक शक्तिशाली छन् भन्न नमिल्ला। अनि सबै उत्कृष्ट पनि छैनन्। केही मझ्यौला लाग्छन्। अनि केहीमा अझै परिष्कारको आवश्यकता पनि देखिन्छ। यद्यपि सिर्जना जहिल्यै अपुरो हुन्छ यसमा निरन्तरताको खाँचो रहन्छ जसले गर्दा श्रष्टा आफ्नो सिर्जनामा निखारता ल्याउन सक्दछ। यो कुरा श्रष्टा दिलीपमा पनि लागू हुन्छ। तर प्रवासको व्यस्त समयमा पनि नेपाली साहित्य साधनामा निरन्तर तल्लिन हुने मुक्तककारको भावनालाई मुक्त कंठमा प्रशंसा नगरी रहन सकिन्न। नयाँ मुक्तक संग्रहको निम्ति दिलीपलाई हार्दिक बधाई।

psmile333@gmail.com

# सार्वजनिक सुनुवाइ नै गर्दैनन् सर्लाहीका अधिकांश स्थानीय तह




**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १५ जेठ

सर्लाहीका अधिकांश स्थानीय तहले सार्वजनिक सुनुवाइ नै नगरेको पाइएको छ । सामाजिक जवाफदेहिताको औजारका रूपमा मानिने सार्वजनिक सुनुवाइ गाउँपालिका, नगरपालिका तथा वडाले नगर्दा सरकारले सञ्चालन गर्ने विकासको गतिविधिबारे जानकारी पाउनबाट सर्वसाधारण बञ्चित हुने गरेका छन् ।

विकास, सुशासन, समुन्नत समाज निर्माण, आत्मनिर्भर बनाउन घरआँगनको सिंहदरबारले सञ्चालन गर्ने कार्यक्रम जनतालाई प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइका माध्यमबाट सुसूचित गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । तर यहाँका अधिकांश स्थानीय तहले कार्यक्रम नै नगरेको पाइएको छ । सरकारले सार्वजनिक सुनुवाइको आयोजना नगर्दा आफूहरूले तिरेको कर, विकास निर्माण, सर्वसाधारणप्रति गरेका योगदानको अवस्थाबारे अनभिज्ञ हुने गरेको सर्वसाधारण नागरिकको गुनासो छ । स्थानीय तह र सर्वसाधारण एकै ठाउँमा भेला भएर सरकारले प्रदान गर्ने सेवा सुविधा जानकारी गराउने र सोहीअनुसार जनतालाई सेवा सुविधामा पहुँच राख्ने बनाउन, कार्यालयका कर्मचारीको कमीकमजोरीका बारेमा सुधार ल्याउन सार्वजनिक सुनुवाइ कार्यक्रम अतिउपयोगी विधि भएपनि स्थानीय सरकारले सार्वजनिक सुनुवाइ नगरी हचुवाको भरमा सरकार सञ्चालन गरेको गुनासो छ ।

नेपालको संविधानमा सूचनाको हक उल्लेख गरिए पनि स्थानीय तहले भने स्थानीयलाई अझै सामान्य योजनाबारे समेत जानकारी नगराएर स्थानीय तह अपारदर्शी बन्दै गएको नागरिक समाज सर्लाहीका महासचिव शिवचन्द्र चौधरीले बताए । ११ वटा नगरपालिका र ९ वटा गाउँपालिका गरी २० स्थानीय तह रहेको सर्लाहीमा मलंगवा नगरपालिकाले मात्र जेठ ११ गते वर्षको एकपटक मात्रै सार्वजनिक सुनुवाइ गरेको थियो । चुनौती भएपनि पारदर्शिताको महत्वपूर्ण पाटो सार्वजनिक सुनुवाइ नगरिँदा स्थानीय सूचनाबाट बञ्चित हुने गरेको जनगुनासो बढ्दै गएको छ ।

# डोल्पाका पशुमा देखियो लम्पी स्किन, सचेत रहन आग्रह



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, १५ जेठ

हिमाली जिल्ला डोल्पाका पशुहरुमा पनि लम्पी स्किन रोग देखिएको छ । पछिल्लो समय देशभरि नै व्यापकरूपमा फैलिँदै गरेको लम्पी स्किन नामक पशुचौपायामा देखिने रोग डोल्पामा पनि देखिएको पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाले जनाएको छ ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै कार्यलयले जिल्लाको मुड्केचूला गाउँपालिका, जगदुल्ला गाउँपालिका र त्रिपुरासुन्दरी नगरपालिकाभित्रका पशुचौपायामा लम्पी स्किन देखिएको जनाएको छ ।

लम्पी स्किनबाट हालसम्म एउटा गाई र एउटा गोरु गरेर दुई वटा पशु मरेको र ३६ वटा पशुमा लम्पी स्किन रोगको संक्रमण देखिएको कार्यालय डोल्पाले बताएको छ । डोल्पामा ६ वटा बाछाबाछी, १३ वटा गाई, १३ वटा गोरु, २ वटा भैंसी, २ वटा चौरीमा लम्पी स्किन रोगको संक्रमण देखिएको छ ।

लम्पी स्किन पशुको छालामा देखिने रोग हो । यो रोग कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा समेत फैलिएको छ । पछिल्लो समय डोल्पामा पनि यो रोग फैलिन थालेपछि पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाले सचेत र सजग रहन आग्रह गरेको छ । साथै यो रोगको लक्षण देखिन साथ उपचार गराउनसमेत कार्यालयले आग्रह गरेको छ ।

# सप्तरीमा एक पुरुषले गरे आत्महत्या

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १५ जेठ

सप्तरीमा एक पुरुषले आत्महत्या गरेका छन् । जिल्लाको राजविराज नगरपालिका ७ बस्ने ५० वर्षीय किशोर गुप्ताले आफ्नै कोठामा आत्महत्या गरेको वडा प्रहरी कार्यालय राजविराजले जानकारी दिएको छ ।

आइतबार राति झुन्डिएको अवस्थामा उनको शव फेला परेको प्रहरीले जनाएको छ । शवलाई पोस्टमार्टमका लागी गजेन्द्रनारायण सिंह अस्पताल राजविराज पठाइएको प्रहरीले बताएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

स्थानीयहरुले उक्त घटना रहस्यमय रहेकाले सुक्ष्म अनुसन्धान हुनुपर्ने माग गरेका छन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०२/१६**

**एक्युवन्स इन्जिनियरिङ्ग प्रा.लि.** को मिति २०७९/०८/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्लोक इन्जिनियरिङ प्रा.लि. (प्रा.लि. नं.: २६७५००)** कायम गर्ने गरी मिति २०७९/०९/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कुवेतमा रोजगार

कम्पनी : KUWAIT FOOD COMPANY (AMERICANA) K.S.C.P
शहर : KUWAIT

पुर्व स्वीकृत मितिः २०७९/०३/२० | चलानी नं.: ६०१८२४८२ | L.T. No.:266396 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 40 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiteress | 37 | 0 | | 120 | ५१,४३४ | | | | | | | |

यसै कम्पनीको लागि Restaurant General Manager (Female) and Shift Supervisor (Female) को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ASIAPOWER
Govt Lic No. 1198/073/074
**Asiapower Recruitment Consultants Pvt. Ltd.**
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowernepaljob@gmail.com

## साउदीमा रोजगार

कम्पनी: MOHAMMED SALEM AL SUWAIDI INDUSTRIAL SERVICES COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ | चलानी नं.: ६०१७६०५७ | L.T. No.: 259771 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Pipe Installation | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour | 28 | 0 | | 1000 | ३५,१५० | | | | | | | |
| 3. | Metal Scaffold Installer | 40 | 0 | | 1500 | ५२,७२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २९, ३० र ३१ गते (12, 13 & 14 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL-ZAMIL AIR CONDITIONING AND REFRIGERATION SERVICES COMPANY शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०८०/०२/१५ | चलानी नं.: ६०२०२१२१ | L.T. No.: 286751

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heating, Ventilation And Air Conditioning Mechanic | 1 | 0 | स. काममा दक्ष | 2200 | ७७,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदारले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

BLUE SKY
**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूताबासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

## MALAYSIA मा रोजगार

कम्पनी: CHAI WAH SHOES TRADING CO
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०७/२८ | चलानी नं.: ६०१९१२४३ | LT. No.: 275499 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BIGYAN HR MANAGEMENT (P.) LTD.
Govt Lic No. 1503/074/075
**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

## यूएईमा रोजगार

कम्पनी: CLAIRVOYANT GUARD FORCE SECURITY SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०२/१४ | चलानी नं.: ६०२०२१२९ | LT. No.: 286746

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (Male) | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५७,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Purchasing Representative (Male) | 1 | 0 | | 1600 | ५७,४४० | | | | | | | |
| 3. | Information Clerk (Male) | 1 | 0 | | 1600 | ५७,४४० | | | | | | | |
| 4. | Date Entry Clerk (Male) | 1 | 0 | | 1600 | ५७,४४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

C.D. HUMAN RESOURCE
Gov. Lic. No. 1048/073/74
**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
Mob.: 9851010834, 9741826447 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9851010834,9880715268

## कुवेतमा रोजगार

कम्पनी : CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L.
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०८/२६ | चलानी नं.: ६०१९३२७३ | LT. No.: 277642 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 150 | स. काममा दक्ष | 85 | ३६,४३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1405/074/075
**Chandra Kamana Manpower Pvt. Ltd.**
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## कतारमा रोजगारको अवसर

कम्पनी: LA FOR CAR WASHING
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०८०/०२/१४ | चलानी नं.: ६०२०२१२३ | LT. No.: 286625

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 2 | 0 | | 1000 | ३६,१७० | | | | | | | |
| 3. | Washing Worker | 2 | 0 | | 1000 | ३६,१७० | | | | | | | |

२. कम्पनी: LA FOR CAR WASHING शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/११/०२ | चलानी नं.: ६०१७४४५६ | LT. No.: 257895 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Washing Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ४७०/०६०/६१
**अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.**
बसुन्धारा-३, काठमाडौ फोन नं: 014375767
Mob: 9844065129, 9851129355 Email: misnepal09@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: Environmental Engineering Corporation for General Contracting Fahd Abdullah Al-Qarni

पूर्व स्वीकृत मितिः २०८०/०२/१४ | चलानी नं.: ६०२०२१२५५ | LT. No.: 286752 | शहर: RIYADH

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AL SASHA OVERSEAS PVT. LTD.
**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

## MALAYSIA मा रोजगार

कम्पनी: DDG GLASS MFG SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०८०/०२/१५ | चलानी नं.: ६०२०२१२८ | LT. No.: 286753

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ २३ गते (6 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AMO
**अल मून ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोनः ०१-४९८९७१८,०१-४९८९७१९

## Romania (Europe) मा रोजगार

१. कम्पनी : DYNAMIS DR. TEAM SRL
शहर: ROMANIA

पूर्व स्वीकृत मितिः २०८०/०१/१४ | चलानी नं.: ६०२००७७६ | LT. No.:285368 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Boy | 100 | 0 | स. काममा दक्ष | 600 | ७९,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

